शोधनिर्देशक : प्रा.डा. कृष्णप्रसाद दाहाल

# शिवगोपाल रिसालको सुख कहाँ छ ? निबन्ध कृतिको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
पाटन संयुक्त क्याम्पसको स्नातकोत्तर द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका निम्ति
प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**

निरन के. सी.
क्याम्पस रोल नं. ४४/२०६५
त्रि.वि. दर्ता नं. २१४६०-८८
परीक्षा रोल नं. २२००४७
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर


२०६९

# सिफारिस पत्र

शोधार्थी श्री निरन के.सी.ले त्रि.वि. स्नातकोत्तर द्वितीय वर्षको दसौँ पत्रको आवश्यक परिपूर्तिका लागि शिवगोपाल रिसालको **सुख कहाँ छ** ? निबन्ध कृतिको अध्ययन मेरा निर्देशनमा तयार पार्नुभएको हो । शोधार्थी के.सी.ले निबन्धकार शिवगोपाल रिसालको जीवनी, व्यक्तित्वका विविध आयामहरू बारे यस शोधपत्रमा तथ्य-सत्य सामग्रीका आधारबाट प्रकाश पार्नुभएको छ । शिवगोपाल रिसाल नेपाली वाङ्मयका क्षेत्रमा एउटा बौद्धिक व्यक्तित्वका रूपमा चिनिनुहुन्छ । उहाँले नेपाली भाषा, साहित्यको विकासमा उल्लेखनीय रूपमा योगदान दिँदै आउनुभएको छ । उहाँ विशेषतः नेपाली साहित्यमा आध्यात्मिक विषयलाई लिएर कलम चलाउने विशिष्ट साधकका रूपमा गनिनुहुन्छ । शोधार्थी के.सी.ले यस शोधपत्रमा निबन्धको सैद्धान्तिक र नेपाली निबन्धको ऐतिहासिक अध्ययन गर्नुका साथै निबन्धकार शिवगोपाल रिसालका निबन्ध यात्रालाई समेत अनुसन्धानमूलक किसिमले चर्चापरिचर्चा गर्नुभएको छ । निबन्धकार रिसालको **सुख कहाँ छ** ? निबन्ध कृतिको यहाँ शोधार्थी के.सी. साङ्गोपाङ्ग अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न एकदमै सफल हुनुभएको छ । उहाँले शोधविधिकै मान्यताअनुसार शोधपत्रको लेखन तयार गर्नुभएको हुँदा म उहाँको लेखनप्रति पूर्ण सन्तुष्ट हुँदै यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति, स्नातकोत्तर कार्यक्रम समक्ष सिफारिस गर्दछु ।

..........................................

प्रा.डा. कृष्णप्रसाद दाहाल
शोध निर्देशक
स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

दिनाङ्क : २०६९/०४/०३

## मूल्याङ्कन समितिको स्वीकृति

शोधार्थी श्री निरन के.सी.ले त्रि.वि. स्नातकोत्तर द्वितीय वर्षको दसौँ पत्रको आवश्यक परिपूर्तिका लागि तयार पार्नुभएको शिवगोपाल रिसालको **सुख कहाँ छ** ? निबन्ध कृतिको यथोचित मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ :

प्रा.डा. कृष्णप्रसाद दाहाल ........................................
शोध निर्देशक
स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

प्रा.डा. जगदीशचन्द्र भण्डारी ........................................
संयोजक
स्नातकोत्तर कार्यक्रम
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

सह-प्रा. केदार न्यौपाने ........................................
विभागीय प्रमुख
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

बाह्य परीक्षक ........................................
प्रा. हेमचन्द्र नेपाल
पद्मकन्या क्याम्पस
बागबजार, काठमाडौँ

दिनाङ्क : २०६९/०४/०७

# कृतज्ञता ज्ञापन

जीवनको विगतको संस्मरण र वर्तमानको भोगाइले भविष्यको सम्बन्धमा केही अनुमान गर्न सकिन्छ । यहाँ यसको प्रसङ्ग शिक्षासँग जोड्न खोजिएको हो । शिक्षा वर्तमानमा मात्र होइन विगतमा पनि औधी महत्त्वपूर्ण थियो । शिक्षाले ज्ञानको ढोका खोल्छ भन्ने चेतना सबैमा आइसकेको होला तर विविध कारणले शिक्षा प्राप्त गर्ने स्थानसम्म पुग्न नपाउनु वा नपठाइनु एउटा कुसंयोग मात्र मान्न सकिन्छ अन्यथा शिक्षा लिनै पर्छ र दिलाइनै पर्छ । हिसाब गर्दा वि.सं. २०३३ सालको फाल्गुन महिना हुनुपर्छ, मेरा पिताले मेरो घर नजिक एकान्तकुना, ललितपुरमा रहेको श्री महेन्द्र भृकुटी माध्यमिक विद्यालयमा मलाई प्रथम कक्षामा भर्ना गरिदिनु भएको कुरा भुलेको छैन र भुलिने पनि छैन । वि.सं. २०४३ साल माघ ७ देखि १४ गतेसम्म प्रवेशिकाको सातवटा परीक्षापछि विद्यालय जीवन पनि सकियो मेरो । यस क्रममा असफल कहिल्यै भइएन बरु सीमित विद्यार्थीका कारण अब्बल थिएँ एक म पनि । नियमित पढाइ र सफलतापछि मानविकीमा वि.सं. २०४९ मा पाटन संयुक्त क्याम्पसबाट स्नातकसम्म भइयो ।

पिताको एक्लो कमाइ, सीमित खेतीपाती र दाजुको बेरोजगारी जस्ता कारणले धेरै अभावमा जीवन बाँच्न पर्दा पनि खासै निराश भइएन । यसैले वि.सं. २०४५ सालदेखि नै मजदुरीदेखि शिक्षण कार्यमा लागेर होला स्नातकोत्तर पढ्न भर्ना हुँदा पनि परीक्षाचाहिँ दिने आँट आएन । वि.सं. २०५३ देखि संस्थागत विद्यालय सूर्योदय साई माध्यमिक विद्यालय इमाडोल, ललितपुरमा अध्यापन गराउँदै आइएको छ । तर मैले ती अवधिमा किन स्नातकोत्तर अध्ययनमा रुचि दिइनँ त्यो भन्न लायक केही छैन । मनोविज्ञानका आधारमा मभित्रको शिक्षाप्रतिको दिक्दारी र भविष्यप्रतिको निराशा हुन सक्छ अन्यथा  आध्यात्मिक आधारमा भने प्रारब्धअनुसार नै भएको हो ।

पेशाको कारणले होला शिक्षामा पनि स्नातक हुनु पर्ने अनिवार्यता वा रहरले वि.सं. २०६३ सालमा महेन्द्ररत्न क्याम्पसबाट शिक्षामा एक वर्षे स्नातक भने हासिल गरियो । मेरा मित्रहरू समयको सदुपयोगका लागि भए पनि अध्ययन गर्नु पर्छ भन्ने सन्देश दिन्थे मलाई अनि सामान्य सोचका लागि समाजसेवामा लागेको पनि १५ वर्ष पार भएको पत्तै भएनछ । यसपछि एक मन एक चित्त गरी लागियो नेपालीमा स्नातकोत्तर गर्न वि.सं. २०६६ सालमा । प्रथम वर्षको नतिजा सोचे जस्तै हुनु र दोस्रो वर्षको परीक्षा पनि सन्तोषजनक भएकोले दसौँ पत्रको प्रयोजनार्थ तयार गर्नु पर्ने शोधपत्रमा पनि लागिहालियो ।

सामान्यतया स्नातकोत्तर तह पार गर्न गरिने शोध कार्य विद्यार्थीअनुसारको धारण बनेको होला । मेरो सम्बन्धमा भने म गुरुहरूले भने अनुसार गर्ने पक्षमा थिएँ । प्रा.डा. जगदीशचन्द्र भण्डारीसँग परामर्श गर्दा आफ्नो रुचिको विधा र व्यक्तिमा गर्नु भन्ने सहज उत्तर आएकोले मैले गुरु शिवगोपाल रिसाललाई झलक्क सम्झेँ र तत्काल भेट गरेँ । उहाँको यस अघि जीवनी, व्यक्तित्व र कृतित्व, खण्डकाव्यकारिता अनि आमा शोक काव्यमा शोधपत्र तयार भइसकेको कुरा स्वयं शोधनायकबाट जानकारी भयो । वि.सं. २०६५ सालदेखि उहाँसँगको प्रत्यक्ष चिनजान तथा

उहाँको मप्रतिको विश्वास हो अनि प्रेमले हातमा थमाइदिनुभयो पूर्वीय वेदान्त दर्शनको अद्वैत वेदान्तमा आधारित भएको एकासी निबन्धहरूको कृति **सुख कहाँ छ** ? कलेजले यसका लागि शोध निर्देशक प्रा.डा. कृष्णप्रसाद दाहाल तोकिदियो । उहाँसितको भेटमा सबै कुरा भएपछि भन्नुभयो, "पार लगाइदिउँला ।" क्रमिकरूपले काम अगाडि बढ्दै गयो र दाहाल गुरुको व्यस्त समय पनि सहजै उपलब्ध हुनु र उचित मार्गदर्शनले अहिले सोच्दा सहजै काम भएको अनुभूति मलाई छ ।

शोध कार्य गहन विषय भए पनि शोधनायक प्रा. शिवगोपाल रिसालको विषयमा खोजबिन गर्न पूर्व विद्यार्थीहरूले गर्नुभएको शोधपत्र मेरा लागि अति नै सहयोगी सावित भए । निबन्धको सैद्धान्तिक स्वरूपदेखि नेपाली निबन्धको परम्परा, विकासक्रम र वर्तमान अवस्थासम्मको पूर्ण जानकारी लिन सामान्य परिश्रमले नै सम्भव भयो । निबन्धकारको निबन्ध रचनाकालदेखि वर्तमानसम्मका कुरा टिपोट गर्न स्वयं आदरणीय शोधनायकबाटै प्रेमपूर्वक सहयोग मिल्यो । यस्तै कृतिको अध्ययन र त्यस विधाको सिद्धान्तका आधारमा केलाउँदा मिले नमिलेको कुरामा शोधनिर्देशक र शोधनायक दुबैबाट साह्रै उचित सल्लाह मिल्यो । यसरी मेरो सामान्य प्रयास तर आदरणीय गुरुवर्गको सहयोगले यो कार्य पूर्ण भएको म ठान्दछु ।

वि.सं. २०४४ सालमा प्रवेशिका परीक्षाको नतिजा प्रकाशित भई आफू द्वितीय श्रेणीमा सफल भएको खुसी सबै परिवारमा देखियो । त्यसमा पनि मेरी मुमाले घरमैं भएका परिकार प्रेमले पकाएर खुवाउनु भएको घटना स्मरण हुँदा माथिको भनाइ प्रमाणित हुन्छ । अझ त्यसमा उहाँको खुसीमा गर्वानुभूतिसमेत भएको स्पष्ट भएको छ । वि.सं. २०४९ सालमा स्नातक परीक्षा पास भएको कुरा मेरा पिताले आफ्ना मित्रहरूलाई सुनाउँदा उहाँका मित्रहरूले मेरै सामु "तँ त भाग्यमानी रहेछस्, तेरो छोरा त पढन्ते रहेछ" भन्दा गर्विलो मुहार लगाउनुभएको मलाई आजै जस्तो लाग्छ । वि.सं. २०६३ सालमा एक वर्षे शिक्षाको स्नातक तहको परीक्षाफल प्रकाशित भई सफल भए पनि सामान्य ठानेर एकदुई दिन पछि मात्र प्यारी पत्नीलाई भन्दा उनको "तपाइँ त कपटी पो हुनुहुँदो रहेछ" भन्ने आरोपमा पनि सफलताको खुसी नै भएको स्पष्ट भएको छ । यसका अतिरिक्त मेरो सफलतामा मेरा आफन्तजन, मित्रगण, छरछिमेकी आदि समेत खुसी थिए भन्ने कुरा उहाँहरूको बधाइले नै स्पष्ट भएको थियो । शिक्षामा सफलता आफूबाहेकका‌को खुसी पनि अभिन्न पक्ष हो भन्ने मेरो निष्कर्ष छ ।

पहिलेदेखि कलेजमा नियमित विद्यार्थीका रूपमा अध्ययन नगर्ने मेरो कमजोरी यस स्नातकोत्तर तहमा पनि दोहोरियो । परीक्षाका लागि आवश्यक सहयोगी पुस्तक घरमा र कार्यक्षेत्रमा फुर्सद हुँदा नियमित बारम्बार पढियो । सायद यही कारणले परीक्षामा औसत अङ्क मात्र पाएकोमा अहिले भने पछुतो छ । तैपनि यस शोधकार्यलाई पूर्णता दिन मेरो एक्लो प्रयासले सम्भव हुने भएन । जजसले प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुभयो तिनलाई खुला हृदयले हार्दिक कृतज्ञता ज्ञापन गर्नु मेरो मानव धर्म र परम उत्तरदायित्व नै हो ।

शोध निर्देशक, स्नातकोत्तर कार्यक्रमका संयोजक र आदरणीय शोधनायकलाई साधुवाद व्यक्त गर्ने शब्द छुट्याउन सकिनँ । सँगै काम गर्ने सहकर्मी श्रीधरप्रसाद अर्यालदेखि विद्यालयका संस्थापक प्रधानाध्यापक अनि अन्य सहकर्मी तथा शुभेच्छुक सबैलाई धन्यवाद छ । कम्प्युटर टङ्कण गरेर सघाउने सहकर्मी मित्र निरोज तण्डुकारदेखि मित्र-भाइ चन्द्र महर्जन, भाइ निलन महर्जन र बहिनी नवीना महर्जनलाई पनि धन्यवाद छ । नेपाल भाषा केन्द्रीय विभाग पाटनमा कार्यरत मित्र दीपक सञ्जेललाई विशेषरूपले यहाँ सम्झनै पर्छ । व्यस्ततामा पनि आफ्नो अमूल्य समय दिई व्यक्ति तथा स्रष्टा प्रा. शिवगोपाल रिसालको बारेमा प्रकाश पार्न अन्तरवार्ता दिनुहुने वरिष्ठ साहित्यकार कमलमणि दीक्षितदेखि चेतोनाथ गौतमसम्मलाई सादर प्रणाम छ । समाजसेवाका सहकर्मी आदरणीय रामशरण खड्का र अभिन्न मित्र-भाइ प्रमोद कार्कीलाई पनि धन्यवाद नै छ । आवश्यक स्रोत र साधन जुटाउन सहयोग गर्ने **स्वाध्याय परिवार**का सीताराम खत्री र स्थानीय दाजु तथा पद्मकन्या कलेजको पुस्तकालयका पूर्व कर्मचारी विष्णुबहादुर गिरीलाई पनि साधुवाद छ ।

अन्तमा सबैलाई कृतज्ञता ज्ञापन गर्ने क्रममा स्वर्गीय मातापितालाई आदरपूर्वक स्मरण गर्दै र बाचुन्जेल श्रद्धा प्रकट गर्ने दृढतासहित दाजु सुहन, भाउजू सुभद्रा, भतिजी सुजाता र भतिज सम्मानलाई विशेष धन्यवाद छ । भाइ आनन्द र बुहारी विनीतालाई पनि धन्यवाद । "बाबाको पनि जाँच छ हो ?" भनी प्रश्न गर्ने र पढाइको महत्त्व देख्ने पाँच वर्षे पुत्र दर्पणलाई पनि पढाइप्रति अनुराग बढ्दै जाओस् भन्ने कामना । सबैभन्दा पुछारमा तर मूलरूपमा सबैभन्दा बढी सघाउने जीवन सँगिनी दर्शनालाई सप्रेम धन्यवाद छ । यो सबै उनै परमात्मा परमेश्वरको कृपाले सम्भव भएकोले उहाँप्रति सदा चित्त लागिरहोस् र ब्रह्मसाक्षात्कार गर्न सकूँ ।

निरन के. सी.
शोधार्थी
पाटन संयुक्त क्याम्पस
नेपाली स्नातकोत्तर तह, द्वितीय वर्ष

# विषय-सूची


| क.सं. | शीर्षक | पृ. सं. |
|---|---|---|
| | सिफारिस पत्र | |
| | मूल्याङ्कन समितिको स्वीकृति | |
| | कृतज्ञता ज्ञापन | |
| | **अध्याय एक** | |
| | शोध-परिचय | |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | ४ |
| १.३ | शोधकार्यको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ६ |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | ७ |
| १.७ | सामग्री सङ्कलनविधि | ७ |
| १.८ | शोधविधि | ७ |
| १.९ | शोधको रूपरेखा | ७ |
| | **अध्याय दुई** | |
| | निबन्धको अवधारणा र नेपाली निबन्धको अध्ययन | |
| २.१ | निबन्धको सैद्धान्तिक स्वरूप | ८ |
| २.१.१ | पृष्ठभूमि | ८ |
| २.१.२ | निबन्धको उत्पत्ति र अर्थ | ८ |
| २.१.३ | निबन्धको परिभाषा | ११ |
| २.१.४ | निबन्धका तत्त्वहरू | १५ |
| २.१.४.१ | वस्तु | १५ |
| २.१.४.२ | शैली | १६ |
| २.१.४.३ | उद्देश्य | १७ |
| २.१.५ | निबन्धको वर्गीकरण | १८ |
| २.१.५.१ | विषयको आधारमा  निबन्धको वर्गीकरण | १८ |
| २.१.५.२ | अभिव्यक्तिका आधारमा निबन्धको वर्गीकरण | १८ |
| २.१.६ | निष्कर्ष | १९ |
| २.२ | नेपाली निबन्धको ऐतिहासिक विकासक्रम | २० |
| २.२.१ | पृष्ठभूमि | २० |
| २.२.२ | नेपाली निबन्धको ऐतिहासिकता | २० |

| | | |
|---|---|---|
| २.२.३ | नेपाली निबन्धको प्रारम्भ : प्राथमिक काल | २० |
| २.२.४ | नेपाली निबन्धको विकास : आधुनिक काल | २१ |
| २.२.४.१ | पहिलो चरण | २२ |
| २.२.४.२ | दोस्रो चरण | २२ |
| २.२.४.३ | तेस्रो चरण | २४ |
| २.२.५ | निष्कर्ष | २५ |


## अध्याय तीन

| | | |
|---|---|---|
| | शिवगोपाल रिसालको जीवनी , व्यक्तित्व र निबन्धयात्रा | |
| ३.१ | शिवगोपाल रिसालको जीवनी | २६ |
| ३.१.१ | पृष्ठभूमि | २६ |
| ३.१.२ | जन्म र जन्मस्थान | २६ |
| ३.१.३ | बाल्यकाल | २६ |
| ३.१.४ | शिक्षादीक्षा | २७ |
| ३.१.५ | दाम्पत्य जीवन र पारिवारिक स्थिति | २७ |
| ३.१.६ | पेसा र कार्यक्षेत्रमा प्रवेश | २८ |
| ३.१.७ | सम्मान र पुरस्कार | २९ |
| ३.१.८ | सामाजिक सेवा | ३० |
| ३.१.९ | लेखनका लागि प्रेरणा | ३० |
| ३.२. | शिवगोपाल रिसालको व्यक्तित्व | ३१ |
| ३.२.१ | शारीरिक व्यक्तित्व | ३१ |
| ३.२.२ | प्राध्यापक व्यक्तित्व | ३१ |
| ३.२.३ | आध्यात्मिक व्यक्तित्व | ३२ |
| ३.२.४ | साहित्यिक व्यक्तित्व | ३२ |
| ३.२.४.१ | कवि व्यक्तित्व | ३२ |
| ३.२.४.२ | निबन्धकार व्यक्तित्व | ३३ |
| ३.२.४.३ | खण्डकाव्यकार व्यक्तित्व | ३३ |
| ३.२.४.४ | महाकाव्यकार व्यक्तित्व | ३३ |
| ३.२.४.५ | समालोचक व्यक्तित्व | ३४ |
| ३.२.४.६ | सम्पादन व्यक्तित्व | ३४ |
| ३.२.४.७ | सहलेखन व्यक्तित्व | ३४ |
| ३.२.५ | सामाजिक व्यक्तित्व | ३४ |
| ३.२.६ | निष्कर्ष | ३५ |
| ३.३ | शिवगोपाल रिसालको निबन्ध-यात्रा | ३६ |
| ३.३.१ | पृष्ठभूमि र प्रेरणा | ३६ |
| ३.३.२ | निबन्ध यात्राको प्रारम्भ र विकास | ३६ |

| | | |
|---|---|---|
| ३.३.२.१ | प्रारम्भ | ३६ |
| ३.३.२.२ | विकास | ३७ |
| ३.३.२.२.१ | पहिलो चरण : फुटकर प्रकाशन ( वि.सं. २०१७ देखि हालसम्म ) | ३७ |
| ३.३.२.२.२ | दोस्रो चरण : कृति प्रकाशन ( वि.सं. २०५६ देखि हालसम्म ) | ४१ |
| ३.३.३ | निष्कर्ष | ४३ |


## अध्याय चार


| | | |
|---|---|---|
| | शिवगोपाल रिसालको **सुख कहाँ छ** ? निबन्ध सङ्ग्रहको अध्ययन | |
| ४.१ | पृष्ठभूमि | ४४ |
| ४.२ | आत्मदर्शन | ४४ |
| ४.३ | चरित्र-निर्माण र आत्मनिर्भरता | ४५ |
| ४.४ | जीवन र दर्शन | ४६ |
| ४.५ | शिक्षाको लक्ष्य | ४७ |
| ४.६ | शान्तिको खोजमा | ४८ |
| ४.७ | चित्तशुद्धिका सन्दर्भमा | ४९ |
| ४.८ | चिन्तारहित हुने उपाय | ५० |
| ४.९ | सत्सङ्गको महिमा | ५० |
| ४.१० | पुरुषार्थ के हो ? | ५१ |
| ४.११ | जगत्को वास्तव स्वरूप | ५२ |
| ४.१२ | सुखको बाटो | ५३ |
| ४.१३ | आत्मविचारबाट आत्मज्ञान | ५३ |
| ४.१४ | जस्तो मति, उस्तै गति | ५४ |
| ४.१५ | यो सारा हो ब्रह्मै-ब्रह्म मात्र | ५५ |
| ४.१६ | अभय-मार्ग | ५५ |
| ४.१७ | मृत्युलाई जित्ने उपाय | ५६ |
| ४.१८ | आनन्द र यसको अनुभव | ५७ |
| ४.१९ | गीताको लक्ष्य | ५८ |
| ४.२० | जाग्रत्, स्वप्न र सुषुप्ति विचार | ५९ |
| ४.२१ | भक्ति : एक विवेचना | ५९ |
| ४.२२ | व्यवहार र परमार्थ | ६० |
| ४.२३ | म को हुँ ? | ६१ |
| ४.२४ | वेदान्तका दृष्टिमा सृष्टि | ६१ |
| ४.२५ | आत्मामा बन्धन र मोक्ष छैन | ६२ |
| ४.२६ | स्वतन्त्रता : एक अनुशीलन | ६३ |
| ४.२७ | त्यागबाट नै लाभ | ६३ |
| ४.२८ | ईश्वर : एक चिन्तन | ६४ |

| | | |
|---|---|---|
| ४.२९ | जीवन्मुक्ति | ६५ |
| ४.३० | हाम्रा चार अवस्थाहरू | ६५ |
| ४.३१ | बुद्धिको सदुपयोग | ६६ |
| ४.३२ | चरित्र-निर्माण | ६७ |
| ४.३३ | इच्छा हो संसार | ६८ |
| ४.३४ | गीतामा तीन योग | ६८ |
| ४.३५ | ज्ञान र विज्ञान | ६९ |
| ४.३६ | ज्ञानी गरेर पनि गर्दैन | ७० |
| ४.३७ | जगत्-निरसन उपाय | ७० |
| ४.३८ | नवधा भक्ति | ७१ |
| ४.३९ | वेदान्त केका लागि ? | ७२ |
| ४.४० | सारा हो सपना | ७२ |
| ४.४१ | आनन्द हो आफ्नो स्वरूप | ७३ |
| ४.४२ | भाक्तिबाट मुक्ति | ७४ |
| ४.४३ | विषयको चिन्तन | ७४ |
| ४.४४ | ज्ञानीको घर : नौ ढोके शहर | ७५ |
| ४.४५ | सुख कहाँ छ ? | ७६ |
| ४.४६ | म नै सृष्टि हुँ | ७७ |
| ४.४७ | विचार मार्ग | ७७ |
| ४.४८ | विश्वशान्ति | ७८ |
| ४.४९ | जीवको स्वरूप के हो ? | ७९ |
| ४.५० | जगत् हो ख्याल-ख्याल | ७९ |
| ४.५१ | यहाँको स्वास्थ्य ठीक छ ? | ८० |
| ४.५२ | विश्व वासनारूप हो | ८१ |
| ४.५३ | सनातन धर्म र शङ्कराचार्य | ८२ |
| ४.५४ | सारा हो परमात्मा | ८३ |
| ४.५५ | म हुँ चैतन्य | ८४ |
| ४.५६ | विषयसुखमा पनि आत्मसुख | ८५ |
| ४.५७ | बुद्धिलाई केलाएर हेर्दा | ८५ |
| ४.५८ | जस्तो दृष्टि, उस्तै सृष्टि | ८६ |
| ४.५९ | देशभक्तिबाट चित्तशुद्धि | ८६ |
| ४.६० | मुक्ति | ८७ |
| ४.६१ | निष्कामदेखि निर्वाणसम्म | ८८ |
| ४.६२ | शोक र मोह | ८९ |
| ४.६३ | महावाक्य | ८९ |
| ४.६४ | आफ्नै विषयमा | ९० |
| ४.६५ | जगत्को स्वभाव | ९१ |

| | | |
|---|---|---|
| ४.६६ | अनासक्त कर्मयोग | ९२ |
| ४.६७ | आफूभित्र आफूलाई खोज्दा | ९३ |
| ४.६८ | जगत् कहाँ छ ? | ९३ |
| ४.६९ | मृत्युलाई जित्ने उपाय | ९४ |
| ४.७० | ईश्वर कसरी चिन्ने ? | ९५ |
| ४.७१ | जीवनको सर्वोच्च लक्ष्य: जीवनमुक्ति | ९६ |
| ४.७२ | परमात्मा पाउने उपाय | ९६ |
| ४.७३ | चित्तशान्तिको उपाय | ९७ |
| ४.७४ | विश्वासलाई केलाएर हेर्दा | ९८ |
| ४.७५ | ईश्वर दर्शन | ९८ |
| ४.७६ | अभिमानको त्याग | ९९ |
| ४.७७ | उत्तम शिष्यको लक्षण | १०० |
| ४.७८ | जीवनलाई सुखी बनाउने उपाय | १०१ |
| ४.७९ | आनन्द बाहिर छैन | १०१ |
| ४.८० | ज्ञाननिष्ठा | १०२ |
| ४.८१ | चित्तको प्रसन्नता | १०३ |
| ४.८२ | मन के हो ? यसलाई कसरी जित्ने ? | १०४ |
| ४.८३ | निष्कर्ष | १०५ |


## अध्याय पाँच


| | | |
|---|---|---|
| | शिवगोपाल रिसालको निबन्धकारिताको मूल्याङ्कन | |
| ५.१ | परिचय | १०६ |
| ५.२ | विषयगत दृष्टिकोण | १०६ |
| ५.३ | उद्देश्यगत दृष्टिकोण | १०७ |
| ५.४ | भाषाशैलीगत दृष्टिकोण | १०७ |
| ५.४ | निष्कर्ष | ११२ |


## अध्याय छ


| | | |
|---|---|---|
| | उपसंहार तथा निष्कर्ष | |
| ६.१ | उपसंहार | ११५ |
| ६.२ | निष्कर्ष | ११७ |

सङ्क्षेपीकृत शब्द

सन्दर्भग्रन्थसूची

परिशिष्ट

शिवगोपाल रिसाललाई चिन्ने जान्ने व्यक्तिहरूसँगको अन्तरवार्ता

परिशिष्ट - १

प्रश्नावली

परिशिष्ट - २

कमलमणि दीक्षित

परिशिष्ट - ३

पीताम्बर अधिकारी

परिशिष्ट - ४

राममणि रिसाल

परिशिष्ट - ५

कृष्णप्रसाद पराजुली

परिशिष्ट - ६

शैलेन्दुप्रकाश नेपाल

परिशिष्ट - ७

सनतकुमार वस्ती

परिशिष्ट - ८

सुन्दरकृष्ण जोशी

परिशिष्ट - ९

मुकुन्दशरण उपाध्याय

परिशिष्ट - १०

मोहनप्रसाद तिमल्सिना

परिशिष्ट - ११

राजेन्द्र सुवेदीसँग

परिशिष्ट - १२

चेतोनाथ गौतम

## सङ्क्षेपीकृत शब्द

| | |
|---|---|
| आई.ए. | इन्टरमिडियट अफ आर्टस् |
| एम.ए. | मास्टर्स अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| ते.सं. | तेस्रो संस्करण |
| तृ.सं. | तृतीय संस्करण |
| दो.सं. | दोस्रो संस्करण |
| द्वि.सं. | द्वितीय संस्करण |
| पं. | पण्डित |
| पिएच.डी. | डाक्टर अफ फिलोसफि |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| बा.सं. | बाह्रौँ संस्करण |
| बी.ए. | ब्याचलर अफ आर्टस् |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा. | सम्पादक |